# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

ECHO OF HIS CALL 1969-2019 GOLDEN JUBILEE

REACHING NATIONS

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKOTA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXV YEAR OF OUR LORD JESUS CHRIST, 2025 FEBRUARY No. 02


## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

### हितोपदेश २१:२२-३१

२२. बुद्धिमान मानिसले बलिष्ठको सहरमाथि आक्रमण गर्छ र तिनीहरूले भरोसा गरेको बलियो गढ ढँगार पारिदिन्छ।

२३. आफ्नो मुख र जिब्रो सम्हाल्नेले आफूलाई आपद्-विपद्‌बाट जोगाउँछ।

२४. अहङ्कारी र शेखीबाज मानिसको नाउँ खिल्ली उडाउने हो, त्यसले अभिमानीसाथ व्यवहार गर्दछ।

२५. अल्छेको लालसाले नै त्यसलाई मार्नेछ किनभने त्यसका हातहरू काम गर्न अस्वीकार गर्छन्।

२६. दिनभरि नै त्यसले झन् बढ्ता लालसा गरिरहन्छ तर धर्मीले मुठ्ठी खोलेर दिन्छ।

२७. दुष्टको बलिदान घिनलाग्दो हुन्छ- खराब अभिप्रायले चढाएको झन् कत्ति बढी घृणित होला।

२८. झुटो साक्षी नष्ट हुनेछ, त्यसको कुरा सुन्ने जोसुकै सधैंको निम्ति नष्ट हुनेछ।

२९. दुष्छ मानिस साहसीजस्तै हिँड्छ तर इमानदारीसँग चल्ने मानिसले आफ्ना चालहरू विचार गर्छ।

३०. कुनै पनि यस्तो बुद्धि, अन्तर्दृष्टि वा योजना छैन, जो परमप्रभुको विरुद्ध सफल हुन सक्छ।

३१. युद्धका दिनको लागि घोडा तयार पारिन्छ तर विजयचाहिँ परमप्रभुकै हातमा हुन्छ।

# जित्नको लागि दौडने

RUN TO WIN!

**सम्माननीय प्रधानसम्पादक, रेभ. एन्जलीन सेल्भाकुमारी**



त्यो सन् १९८६ को एसियाली गेम थियो र सियोलमा ८०० मिटरको फाइनल हुन लागेको थियो (सायद त्यो समयमा तपाईं जन्मनुभएको थिएन)। भारतको उत्कृष्ट एथलिटहरूमध्ये एक जना साइनी अब्राहामको नङ टोक्नेजस्तो अन्त्यलाई उत्सुकताकासाथ प्रतिक्षा गर्दै सम्पूर्ण राष्ट्र आफ्नो सीटको छेउमा थियो। उनले स्वर्ण पदक जित्नेमा मानिसहरूको अपेक्षा बढेको थियो।

जब साइनीले पहिलो हुँदै समाप्तको रेखा पार गरिन् हरेक भारतीयले अनुभव गरको गर्व र आनन्द अवर्णनीय थियो। देशभरि नै हरेक घरबाट विजयको उत्सव गुञ्जिएको थियो। तापनि, आनन्द छोटो थियो। एकै क्षणपछि, साइनीले चाँडै नै लेन परिवर्तन गरेका कारण अयोग्य भएको घोषणा गरिएको थियो।

देशको समग्र आनन्द शोकमा परिणत भएको थियो। साइनीको मेहेनेत, अठोट र निरन्तरको प्रयासले उनी योग्य भएको विजय हासिल गर्न पर्याप्त थिएन। त्यो अचम्म पार्ने निरासा थियो- केवल साइनीको लागि मात्रै होइन तर उनीमाथि विश्वास गर्ने र स्वीकार गर्ने हरेक भारतीयको निम्ति थियो। आज पनि, जब म त्यो क्षणलाई सम्झन्छु, साइनीको निम्ति मेरो हृदय दुख्छ, मैले अत्यन्तै आदर र स्वीकार गरेको एथलिट।

बाँकी पृष्ठ ३ मा


बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल



## यूट्यूब ख्रीष्टियान च्यानल

तपाईंले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ।

**५ मिनेटको सन्देश**

अंग्रेजी र हिन्दी, तामिल र तेलगू

हरेक दिन: बिहान २ बजे देखि

तामिल आइतवार सेवा: बिहान ८:३० बजे

★ Please Subscribe and Share ★

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



# तपाईंको प्रिय भाइबाट....

REACHING NATIONS



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ। यो आवश्यकताको घडी हो।


HON. EDITOR-IN-CHIEF

Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.

HON. MANAGING EDITOR

Pastor Alex Samson Sam, B.Th., M.Div.

GENERAL MANAGER

Bro. N. Prakasam, M.A., M.Sc.(C&P), PGDHRM., MBA.

ADMINISTRATION

Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech. (DM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)

EDITORIAL BOARD

Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., DD, D.Lit.



EDITOR, PUBLISHER & PRINTER

Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai- 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858 95661 31858

E.MAIL

sam@echoofhiscall.org
biblecor@yahoo.co.in

WEBSITES

www.echoofhiscall.org
www.stpaulsmatriculation.com

YOUTUBE CHANNEL

Echo of His Call


## म निश्चय तँलाई आशिष् दिनेछु र तेरो वृद्धि गर्नेछु (हिब्रू ६:१४)।

प्रभुमा प्रियहरू,

हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अमूल्य नाउँमा न्यानो अभिवादन।

जसै हामी नयाँ वर्ष २०२५ मा प्रवेश गरेका छौं, परमप्रभुको प्रशस्त अनुग्रह र विश्वासयोग्यताको निम्ति उहाँलाई महिमा देऔं। उहाँको पवित्र नाउँको स्तुति होस्।

तपाईं कस्तो हुनुहुन्छ ? यो सन्देशले तपाईंलाई राम्रो स्वास्थ्य र स्थिर विश्वासमा पाएको छ भनेर म विश्वास गर्दछु। हाम्रो प्रभु येशू ख्रीष्टले हामीमाथि खन्याउनुभएका अनगिन्ती आशिषहरूका निम्ति उहाँप्रति हामी सधैं कृतज्ञ रहनुपर्छ। आज बिहानी मैले तपाईंको आत्मिक, शारीरिक र भावनात्मक हीतको निम्ति प्रार्थना गरें।

मसँग गहन रूपमा मिल्ने डिभोसनल सन्देश बाँड्नको लागि अगुवाइ मैले महसुस गरेको छु:

### ताडना दिनु भनेको दण्ड होइन।

जब हामीले परमेश्‍वरको छुटकारालाई पूर्णरूपमा स्वीकार नगरी वा त्यसमा कृतज्ञ नभएको निरन्तर अनुभव गर्दछौं, हामी आत्मसन्तुष्ट बन्न सक्छौं। परमेश्‍वरमा हाम्रो निर्भरतालाई कम गराउँदै र हाम्रो कृतज्ञतालाई घटाउँदै घमण्ड हाम्रो हृदयमा चूपचाप भित्र पस्न सक्छ। उहाँको प्रेममा, परमेश्‍वरले हामीलाई सुधार र निर्देशित गर्नु गाली गर्न सक्नुहुन्छ।

जब गालीले मात्रै परिवर्तन ल्याउँदैन, परमेश्‍वरले हामीलाई नम्र बनाउन र उहाँको अझ नजिक हामीलाई तान्न कष्टका समयलाई अनुमति दिन सक्नुहुन्छ। भजनसंग्रह ११९:७५ मा यही प्रकारको कष्टलाई भजनसंग्रहका लेखकले उल्लेख गरेका छन्, दण्डको रूपमा होइन तर हामीलाई नष्ट हुनबाट रोक्न प्रेमिलो सुधारको रूपमा।

परमेश्‍वरको चरित्र प्रेम र विश्वासयोग्यतामा जरा गाडिएको छ। उहाँको विश्वासयोग्यताले स्थिरता र अडिग समर्पणतालाई प्रतिबिम्बित गर्दछ। मानिस जातिजस्तो परमेश्‍वरले क्रूरतापूर्वक आक्रमण गर्नुहुन्न, त्यसको साटो उहाँको प्रेममा स्थिर रहनुहुन्छ। अनाज्ञाकारीताको निम्ति दण्डको रूपमा कष्टलाई गलत व्याख्या नगर्नुहोस्। परमेश्‍वरबाट टाढा भएकाहरूका निम्ति दण्ड राखिएको छ, जबकि ताडना दिनुचाहिँ उहाँका सन्तानको निम्ति प्रेमको कार्य हो, जसले केही क्षणको निम्ति आफ्नो मार्ग गुमाएका छन्।

परमेश्‍वरले आफ्ना सन्तानलाई रिसको झोंकमा ताडना दिनुहुन्न तर तिनीरू वृद्धि भएको र सुधार भएको हेर्ने गहन चाहनाले दिनुहुन्छ। यो कुरा बुझ्नाले हामीलाई कृतज्ञताका हृदय र उपयुक्त चरित्रको साथमा ताडनालाई स्वीकार गर्न सहायता गर्छ। योसेफ कोही त्यस्तो व्यक्तिको राम्रो उदाहरण हुन्, जसले सही दृष्टिकोणको साथमा कष्टलाई स्वीकार गरेका थिए (उत्पत्ति ५०:१५-२१)।

**हे परमप्रभु, तपाईंका नियमहरू धार्मिक छन् अनि आफ्नो विश्वासनीयतामा तपाईंले मलाई दुःख दिनुभएको छ भनी म जान्दछु** (भजनसंग्रह ११९:७५)।

*येशू ख्रीष्टमा तपाईंका सेवकहरू*

*पा. एलेक्स सामसन साम*
*पा. एस. साम सेल्भाराज*

(+91) 98412 71858 / 98410 71858, E.mail : sam@echoofhiscall.org

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

# विनम्र अनुरोधः बोलावटको प्रतिध्वनिका पाठकहरूलाई

हाम्रो ५ मिनेट बोलावटको प्रतिध्वनि यूट्यूब सन्देशहरू (हरेक दिन) तामिल, तेलगु, अंग्रेजी र हिन्दी भाषामा बिहान २ बजेदेखि प्रशारण भइरहेका छन्। सन्देशहरू हेरेर तपाईंले परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्नुहुन्छ।

साथै, तपाईंको मोवाइल फोनहरूमा मेरो मोवाइल नम्बरहरू (९१) ९८४१० ७१८५८, (९१) ९८४१२ ७१८५८ (व्यक्तिगत) सेभ गर्नुहोस्।

**पा. एस. साम सेल्भाराज**

*पृष्ठ १ बाट*

## जित्नको लागि दौडने!



जीवन दौड हो र हामी हरेकको निम्ति परमेश्वरले अद्वितीय मार्ग बनाउनुभएको छ। केही छोटा धावक छन्, अन्य लामो दुरीका धावकहरू छन् र केही चाहिँ अवरोध पार गर्ने एथलिटहरू पनि हुन सक्छन्, हरेकलाई निश्चित सीपहरू र रणनीतिहरूको आवश्यकता हुन्छ। हामीले अरू कसैको दौड दौडन सक्दैनौं किनभने परमेश्वरले आफ्नो ईश्वरीय योजनाअनुसार हरेक यात्रा निर्माण गर्नुभएको छ।

दौडको हरेक प्रकारले भिन्दै स्तरको स्टामिना, रणनीति र शक्तिको माग गर्दछ। स्प्रिन्टिरले लामो दुरीको दौड सजिलै परिवर्तन गर्न सक्दैन नता म्याराथनमा दौडने धावकले बिना कुनै शक्ति र तयारी स्प्रिन्टमा दौडन सक्छ। त्यसै गरी परमेश्वरले हाम्रो अघि राखिदिनुभएको दौड दौडन हामीलाई अनुग्रह र सामर्थ्यले सुसज्जित गर्नुभएको छ।

अरूको पूरा हुने रेखामा केन्द्रित नभई धैर्यताको साथमा हाम्रो दौड दौडौं तर परमेश्वरले हाम्रो निम्ति अद्वितीय रूपले बनाउनुभएको उद्देश्यमा रहेर।

हामीले विभिन्न प्रकारका दौड दौडन छनोट गर्छौं- चाहे त्यो प्रसिद्ध, ट्रेन्डिङ भएको होस् वा सुरक्षित सुत्र भएको देखिएको होस्- हामीले आफ्नो उद्देश्यको सार गुमाउँछौं। त्यसो गर्नाले हामीले साँचो अर्थमा त्यो दौड जित्न सक्दैनौं। परमेश्वरले हाम्रो निम्ति राखिदिनुभएको मार्गमा रहने र उहाँले प्रतिज्ञा गर्नुभएको उपहार जित्नु मुख्य उद्देश्य हो।

हामीले पहिले पूरा गरे पनि हामी हाम्रो उदेश्यको मार्गबाट अलग हुन्छौं र अरू कसैको मार्गमा दौडन्छौं भने हामीले अझै हाछौं। उपहार हाम्रो हुनेछैन। त्यसकारण, बाइबलले हामीलाई यो कुरा सिकाउँछः

**के तिमीहरूलाई थाहा छैन, दौडमा दगुर्नेहरू सबै दगुर्छन् तर इनामचाहिँ एउटैले मात्र पाउँछ ? तिमीहरू इनाम प्राप्त गर्ने किसिमले दौड** (१ कोरिन्थी ९:२४)।

## हामीले कसरी दौड दौडन्छौं ?



### १. विश्वासपूर्वक दौडने!

**मैले उत्तम लडाइँ लडेको छु। मैले दौड सिद्धयाएको छु। मैले विश्वासलाई बचाइराखेको छु** (२ तिमोथी ४:७)।

पुरस्कार पाउनको निम्ति हामीले विश्वासपूर्ववक दौडनुपर्छ। हाम्रो जीवनका हरेक क्षेत्रमा विश्वासयोग्यता महत्वपूर्ण हुन्छ- चाहे हाम्रो काम, विवाह, आर्थिक अवस्था, सम्बन्धहरू वा आत्मिक यात्रामा।

परमेश्वरले हामीलाई दौडन बोलाउनुभएको दौड साधारण स्प्रिन्टर होइन, यो लडाइँ हो। पावलले भनेका छन्, मैले उत्तम लडाइँ लडेको छु। हरेक दिन, हामी यो संसारका शासकको विरुद्धमा आत्मिक लडाइँमा संलग्न छौं, जसले हाम्रो जीवनको निम्ति परमेश्वरको उद्देश्य रोक्ने निर्धारण गर्दछ। **त्यसको मिसन स्पष्ट छः चोर्न, मार्न र नाश पार्न** (यूहन्ना १०:१०)। हाम्रो सृष्टिकर्ताप्रति हाम्रो विश्वासयोग्यताको जाँचको खोजी गर्ने, जुन अदनको बगैंचामा त्यसले सुरु गरेको रणनीति थियो।

सर्पले परमेश्वरको विश्वासयोग्यताको बारेमा प्रश्न गरेको थियो, त्यहींबाट हव्वाको मनमा शंकाको बिउ रोपिएको थियो। यस कार्यले परमेश्वर र उहाँको आज्ञामा तिनको भरोसालाई चुनौती दिएको थियो, अन्त्यमा त्यसले तिनको विश्वासलाई नाश गरिरहेको थियो। यसरी लेखिएको छः

**सर्पले स्त्रीलाई भन्यो, तिमीहरू मर्दैनौ किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ, त्यही दिन तिमीहरूका आँखा खुल्नेछन् र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ** (उत्पत्ति ३:४-५)।

यही छलद्वारा सर्पले आदम र हव्वाको सुन्दर सम्बन्धलाई चोरेको, नाश गरेका र मारेको थियो, जुन एक पटक तिनीहरूका सृष्टिकर्तासँग जोडिएको थियो।

परमेश्वरले हामीलाई विश्वासयोग्य हुन बोलाउनुभएको छ किनभने उहाँ विश्वासयोग्य हुनुहुन्छ। हिब्रू १०:२३ ले हामीलाई सम्झना दिलाउँछः

**हामीले दृढ स्वीकार गरेको आशालाई दोधार नभईकन दह्रिलोसँग थामिराखौं किनकि जसले प्रतिज्ञा गर्नुभयो, उहाँ विश्वासयोग्य हुनुहुन्छ।**

जब परमेश्वरले प्रतिज्ञा गर्नुहुन्छ, उहाँले त्यो पूरा गर्नुहुन्छ। वर्षौंदेखि तपाईंका प्रार्थनाको जवाफ नआएको जस्तो महसुस भए पनि उहाँले तपाईंलाई बिर्सनुभएको छैन भनेर थाहा पाउनुहोस्। भजनसंग्रह ५६:८ ले हामीलाई निश्चयता दिलाउँछ कि परमेश्वरले हरेक आँसु संकलन गर्नुभएको छ र उहाँले ती आफ्नो अभिलेखमा राख्नुहुन्छ। उहाँ सदा आफ्ना मानिसहरूप्रति विश्वासयोग्य हुनुहुन्छ र उहाँको सिद्ध समयमा उहाँले जवाफ दिनुहुनेछ।

त्यसकारण, परमेश्वरको कामको प्रमाण तपाईंले देख्न नसके पनि तपाईंको दौड निरन्तर दौडनुहोस्। हाम्रो विश्वासयोग्य परमेश्वरप्रति विश्वासको निम्ति स्थिर विश्वासको आवश्यकता हुन्छ।

परमेश्वरले हामीलाई पहिले नै चेतावनी दिनुभएको छः

**तिमीले भोग्नै लागेका कष्टहरूसँग नडराओ। हेर, दियाबलसले तिमीहरूमध्ये कतिलाई तिमीहरूका जाँचको निम्ति कैदमा हाल्न आँटेको छ र तिमीहरूलाई दशै दिन कष्ट हुनेछ। तिमी मृत्युसम्मै विश्वासी होओ र म तिमीलाई जीवनको मुकुट दिनेछु** (प्रकाश २:१०)।

हामीले दौडिरहेको दौड सजिलो छैन- यो स्टिपलचेसजस्तो देखिन्छ, जुन पानीमाथि उफ्रनुपर्ने, खुल्ला खाडलहरू र सादा घेराहरूजस्ता विभिन्न बाधाहरूले भरिएका हुन्छन् । तापनि, हामीलाई निरन्तर दौडिरहन, विश्वासमा स्थिर रहन बोलाइएको छ ।

परीक्षाहरू र चुनौतीहरूका बाबजुद पनि हाम्रो विश्वासमा हामी स्थिर रहन्छौं भने- चाहे शारीरिक, भावनात्मक, आत्मिक वा आर्थिक- हामीले विजयको मुकुट प्राप्त गर्नेछौं । दौडको समयमा आधा बाटोमा रोकिने वा फर्किने कुरालाई हामीलाई सहन सक्दैनौं । त्यसको साटो हाम्रा हृदयमा इमानदारीता र हाम्रा आत्मामा विश्वासलाई राखिरहनु जरुरी हुन्छ ।

हाम्रो बोलावटमा विश्वासयोग्यता महत्वपूर्ण हुन्छ, हाम्रो वर्तमान अवस्था जस्तोसुकै भए पनि । परमेश्वरले हामीलाई जे कुरा दिनुभएका छ- ठूलो जिम्मेवारी होस् वा सानो जिम्मेवारी होस्- हामी विश्वासयोग्य हुनुपर्छ । सानो कम्पनीभित्र अनिश्चित पद भए पनि विश्वासयोग्य रहनुहोस् । कसैले पनि नहेर्दा पनि विश्वासयोग्य हुनुहोस् किनकि परमेश्वरले हरेक थोक देख्नुहुन्छ ।

अठोट लिएर काम गर्नुहोस् किनकि बाइबलले हामीलाई सम्झना दिलाउँछः

**आफ्नो काममा सिपालु कुनै मानिसलाई तैं देख्छस् ? त्यसले राजाहरूका सामु सेवा गर्नेछ । त्यसले नचिनेका मानिसहरूको सेवा गर्नेछैन** (हितोपदेश २२:२९) ।

तपाईंको काम गर्ने स्थानमा तपाईंलाई स्वीकार गरिएको छैन होला- विश्वासयोग्य बन्नुहोस् । तपाईंको मित्रहरू वा परिवारको बीचमा तपाईंलाई याद नगरिएको होला- विश्वासयोग्य रहनुहोस् । तपाईंको मण्डलीको समुदायको नजरमा तपाईं महत्वहीन भएको तपाईंले महसुस गर्नुभएको हुन सक्छ- विश्वासयोग्य रहनुहोस् । अन्तिममा इनाम दिनुहुने परमेश्वरले तपाईंले गोप्यमा गर्नुभएको परिश्रम देख्नुहुन्छ र उहाँको सिद्ध समयमा उहाँले तपाईंलाई खुल्लमखुल्ला इनाम दिनुहुनेछ ।

एउटा दिन आउनेछ, जब परमप्रभुले भन्नुहुनेछः

**स्याबास, असल र विश्वासी नोकर । तैं थोरै कुरामा विश्वासी भइस्, अब म तँलाई धेरै कुराको जिम्मा दिनेछु । तैं आफ्ना मालिकको खुसीमा सहभागी हो** (मत्ती २५:२१) ।

हाम्रो विश्वासमा स्थिर भएर खडा रहने शक्ति परमेश्वरले हामीलाई दिनुभएको होस् भनी म प्रार्थना गर्दछु- विश्वासपूर्वक र अटल- हामीले सामना गरेका चुनौतीहरूका बाबजूद, सम्झौताबिना । येशू ख्रीष्टको निम्ति साँचो राजदूतहरू बन्न हामीले संघर्ष गरौं ।

## २. धैर्यताको साथमा दौडने!

**हाम्रा सामुन्ने राखिदिएको दौड धैर्यसाथ दौडौं** ( हिब्रू १२:१) ।

धैर्य वा धैर्यता कुनै पनि दौडने व्यक्तिको निम्ति महत्वपूर्ण गुण हो । जब यात्रा कठिन बन्छ, हरेस खाने कुनै स्थान हुँदैन । सफलताको लागि समर्पणता, अनुशासन र आफैंलाई आरामदायी थोकभन्दा बाहिर धकेल्ने चाहनाको आवश्यकता हुन्छ । यसले परिश्रम, संघर्ष, पसिना, पीडा र निरासाका क्षणहरू पनि माग गर्दछ ।

त्यस्तै गरी, हाम्रो ख्रीष्टियान हिँडाइ सजिलो मार्ग होइन । हामीले संघर्षहरू, लडाइँहरूको सामना गर्छौं र चुनौतीहरू सहन्छौं, जसले हाम्रो विश्वासको जाँच गर्दछ । कति समयमा, हामी यस्तो बाटोमा हिँडिरहेका छौं, जुन कसैले पनि बुझ्दैन भनेर एक्लो महसुस पनि हुन सक्छ । सांसारिक मान्यताहरूसँग मिल्न वा सम्झौता गर्ने असक्षमताले हामीलाई बिजोडीजस्तो महसुस गराउन सक्छ ।

यी भावनाहरू प्राकृतिक छन् तर यो मार्ग साँघुरो र चुनौतिले भरिउको भए पनि यसले अनन्त आनन्द र सन्तुष्टितिर लैजान्छ भनेर हामीले सोच्नुपर्छ । मार्गको हरेक कदममा हामीसँग परमेश्वर हुनुहुन्छ भनेर जानेर स्थिर निश्चयताको साथमा हामी अघि बढौं ।

परमेश्वरका महान् मानिसहरूले पनि यस्तै भावना महसुस गरेका थिए । एलियाले विलाप गरेका थिए, **...म एक जना मात्रै छु...** (१ राजा १९:१०) । दाऊदले पनि प्रायः एक्लोपनाको भारी महसुस गरेका थिए र मोशाले पनि, त्यस्तो धेरै क्षणहरूको सामना गरेका थिए । हाम्रो निम्ति यी भावनाहरू नयाँ छैनन् । तापनि, **हाम्रो दौडमा धैर्य गर्न हामीलाई सुसज्जित पार्ने कुराचाहिँ हामीभन्दा अघि आएकाहरूको साक्षी हो** (हिब्रू १२:१) । हामीले हरेस खान सक्दैनौं भनेर तिनीहरूका उदाहरणहरूले हामीलाई याद दिलाउँछ ।

यात्राले थकित महसुस गराए पनि हामी निरन्तर अघि बढ्नुपर्छ । सहायता सधैं हाम्रै वरिपरि रहेको हुन्छ । मैले किन निरन्तरता दिनुपर्छ, प्रभु भन्ने प्रश्न गर्दै हामीमध्ये केहीले निरासाका शब्दहरू, गलत आरोपहरू, गलत बुझाइहरू वा निरासाको भित्री भावनाको सामना गरिरहेका हुन सक्छौं । त्यसो भए पनि हामीलाई धैर्यताको साथमा दौडना बोलाइएको छ ।

अलग हुने कुरा कसैले पनि चाहना गर्दैन, हामी सबै जनाले समावेश गरिएको चाहना गर्छौं । तापनि, हामीले आफ्नो हृदयलाई जोगाउनुपर्छ । **जब हामीले संसारसँग मित्रताको छनोट गर्छौं, हामी परमेश्वरको शत्रु बन्ने खतरामा हुन्छौं** ( याकूब ४:४) । सांसारिक मान्यताहरूसँग आफैंलाई मिलाउनेहरू व्यभिचारीजस्ता हुन्छन् भनेर बाइबलले चेतावनी दिन्छ ।

त्यसकारण, परमेश्वरले हाम्रो अघि राखिदिनुभएको दौडमा हामी सावधान रहनुपर्छ । सम्झौताको निम्ति यहाँ कुनै पनि कोठा छैन । स्थिर रहनुहोस् किनकि इनाम अनन्त रहेको छ ।

## ३. दौड पूरा गर्न दौडने

यस दौडको अन्तिम लक्ष्य केवल पूरा गर्नु मात्रै होइन तर विजयी भएर पूरा गर्ने र इनामको दावी गर्ने हो । किनकि प्रेरित २०:२४ ले भन्दछ,

**... तर म आफ्नो जीवनलाई कुनै मोलको र आफ्नो निम्ति प्रिय ठान्दिनँ । यति मात्र चाहन्छु कि परमेश्वरका अनुग्रहको सुसमाचारको गवाही दिनलाई मेरो दौड र प्रभु येशूबाट मिलेको मेरो सेवकाइ म पूरा गर्न सकूँ ।**

प्रिय मित्रहरू, जीवन छोटो छ र येशू ख्रीष्टको निम्ति हामीले गरेका कुराहरू मात्रै रहनेछन् । जसै हामी यो वर्षको सुरुवातमा खडा भएका छौं, यो समय आफ्नो जीवनलाई मनन गर्ने समय हो । के परमेश्वरले तपाईंको घि राखिदिनुभएको दौड दौडिरहनुभएको छ ? के तपाईं सही मार्गमा हुनुहुन्छ ? तपाईंलाई रोक्न खोज्ने बाधाहरू, अवरोधहरू र चुनौतीहरूका बाबजूद पनि के तपाईंले धैर्यताको साथमा दौडिरहनलाई आफ्नो सम्पूर्ण थोक दिनुभएको छ ? छैन भने पुनःसमर्पण गर्ने यही नै सिद्ध समय हो ।

*....Contd. to page 6*

GREAT COMMISSION PARTNERS
ECHO OF HIS CALL MINISTRIES
SINCE 1969

# महान् आज्ञा सहयोगीहरु

**बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)**



**PRAISE & PRAYER POINTS - From February 19, 2025 To March 18, 2025**

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## ✝ परमेश्वरलाई प्रशंसा गरौं...

फेब्रुअरी १९: सुसमाचार नपुगेका बहुभाषिक मानिसहरूका बीचमा पुग्न हाम्रो मिडिया सेवकाइ र **बोलावटको प्रतिध्वनि युट्यूब** च्यानलमा आशिष् दिनुभएको निम्ति ।

फेब्रुअरी २०: हाम्रो मण्डलीको सेवकाइ अझ व्यवस्थित रूपमा हुन आशिष् दिनुभएको निम्ति ।

फेब्रुअरी २१: हाम्रो **नहेम्याह बाइबल कलेजहरू र सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** विद्यार्थीहरूमाथि ईश्वरीय सुरक्षाको निम्ति ।

फेब्रुअरी २२: हाम्रा साझेदारहरूको नैतिक र आर्थिक सहायताले हामीलाई आशिष् दिनुभएको निम्ति ।

फेब्रुअरी २३: हाम्रा प्रार्थनाका साझेदारहरू, ग्राहकवर्गहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू र महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारप्रति उहाँको कृपाको निम्ति ।

फेब्रुअरी २४: बहुसंख्यक सेवकाइहरूबाट सुसमाचार फैलाउने हाम्रो सिनियर पास्टरको समर्पणताको निम्ति ।

फेब्रुअरी २५: हाम्रो मण्डलीका क्रियाकलापहरूमा सहभागी हुन उत्साहको साथमा आएका युवाहरूमाथि आशिष्को निम्ति ।

फेब्रुअरी २६: हाम्रा **बोलावटको प्रतिध्वनिका** सहसम्पादकहरू र उहाँका परिवारहरूमाथि आशिष्को निम्ति ।

फेब्रुअरी २७: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारलाई सबै प्रकारका दुष्ट शक्तिबाट सुरक्षा दिनुभएको निम्ति ।

फेब्रुअरी २८: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा हाम्रो आइतवारको सेवामा परमेश्वरको वचनमा शक्तिको निम्ति ।

मार्च १: हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलका** प्रधानाध्यापक, शिक्षक तथा गैरशिक्षक कर्मचारीहरूमाथि आशिष्को निम्ति ।

मार्च २: हाम्रा कर्मचारीहरूमाथि परमप्रभुको प्रशस्त आशिष् वर्षाउनुभएको निम्ति ।

मार्च ३: मिसनको मन भएका सदस्यहरूका साथमा हाम्रो मुख्य मण्डलीमा आशिष्को निम्ति ।

## ✝ कृपया प्रार्थना गरौं...

मार्च ४: इस्राएल, प्यालेष्टाइन, रुस र युक्रेनमा शान्तिको निम्ति ।

मार्च ५: सबै देशमा एकता र शान्तिको निम्ति ।

मार्च ६: ख्रीष्टियान प्रचारकहरूले सुसमाचार बिना कुनै मिलावट प्रचार गरून् ।

मार्च ७: शैक्षिक सत्र २०२५-२६ को निम्ति हाम्रो आवासीय र साँझको **नहेम्याह बाइबल कलेजको** निम्ति योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

मार्च ८: शैक्षिक सत्र २०२५-२६ को निम्ति हाम्रो **सेन्ट पावलस् मेट्रिकुलेसन स्कुलको** निम्ति नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति ।

मार्च ९: आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा देशका बालबालिका र युवाहरूले येशू ख्रीष्टलाई ग्रहण गरून् ।

मार्च: १०: संसारका बालबालिका र युवाहरूलाई मोबाइल फोन र अनलाइन गेमहरूको कुलतबाट सुरक्षाको निम्ति ।

मार्च ११: वृद्धाश्रममा भएका वृद्ध मानिसहरूका निम्ति ।

मार्च १२: यो महिना हाम्रा सम्पूर्ण आवश्यकता हाम्रो परमप्रभुले पूरा गरून् ।

मार्च १३: हाम्रा साझेदारहरू र प्रान्तीय संयोजकहरूको स्वास्थ्यको निम्ति ।

मार्च १४: भारतका सुसमाचार नपुगेका स्थानहरूमा सुसमाचार फैलाउन हामीलाई सक्षम बनाउनको निम्ति ।

मार्च १५: यो नयाँ वर्ष २०२५ मा प्रशस्त कृपाको निम्ति ।

मार्च १६: हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँको परिवारका सदस्यहरूलाई सबै प्रकारका दुष्ट शक्तिहरूबाट सुरक्षाको निम्ति ।

मार्च १७: संसारमा सबै महिला र बालबालिकाहरूको सुरक्षाको निम्ति ।

मार्च १८: हाम्रा कर्मचारी सदस्यहरूको स्वास्थ्यको निम्ति ।

पृष्ठ ४ बाट

बलियो तरिकाले पूरा गर्ने लक्ष्यको साथ, धैर्यताको साथमा विश्वासपूर्वक हामी दौडौं। हरेस नखाऔं । परमेश्वर विश्वासयोग्य हुनुहुन्छ । उहाँको अनुग्रह अपर्याप्त भएको स्थानमा उहाँले हामीलाई कहिल्यै पनि अगुवाइ गर्नुहुनेछैन ।

तपाईंले बोक्नुभएको भारीमा तपाईंले अत्याधिक भएको, गह्रौं भएको वा भावनात्मक रूपमा सिद्धिएको महसुस गर्नुहुन्छ भने परमेश्वरको अघि आउनुहोस् र उहाँमा आफ्नो हृदय पोखाउनुहोस् । भन्नुहोस्, प्रभु, मैले यो क्षेत्रमा संघर्ष गरिरहेको छु । मेरो काँधमा यो बोझको साथमा म निरन्तर दौडन सक्दिनँ ।

राजा हिजकियाको उदाहरणलाई विचार गर्नुहोस् । जब तिनले अश्शूरी राजाको भनाइ सुने, तिनको हृदय च्यातिएको थियो । तिनले आफू स्पष्टरूपमा असहाय महसुस गरेका थिए । अश्शूरी राजाले तिनलाई र तिनको विश्वासलाई गिज्याएका थिए, यसो भने, मेरो विरुद्धमा खडा हुने साहस तैले कसरी गरिस् ? तँसँग कुन आत्मविश्वास छ र ? मेरो हातबाट तँलाई कसले बचाउनेछ ? अब सिद्धियो । तँलाई कसैले पनि बचाउन सक्दैन । तँलाई इच्छा छ भने, म तँलाई २,००० वटा घोडा पनि दिनेछु- मेरो विरुद्धमा लडाइँ गर्न- त्यसको निम्ति घोडचढी पाउन सक्छस् भने ।

कस्तो चुनौती । त्यो क्षणमा राजा हिजकियाको मानसिक र भावनात्मक अवस्थालाई कल्पना गरौं । तापनि, आफ्नो निरासामा हिजकिया परमेश्वरतिर फर्के, आफ्नो शक्तिको साँचो स्रोततिर ।

यस्तो अवस्थामा तपाईंले के गर्नुहुनेथियो ? विशेष गरी शत्रु राजाहरूका निम्ति, कैदीहरूलाई गरिने तिनीहरूका क्रुर व्यवहारको निम्ति अश्शूरी राजाहरू कुख्यात थिए । यही कुरा जानेर हिजकियाले आफ्नो भविष्य दयनीय छ भनेर बुझेका थिए । तिनले आफ्नो विश्वासलाई त्याग्न सक्थे र तिनको अघि राखिएको दौड पूरा गर्न असफल हुन सक्थे । तापनि, यशैया ३७ ले भिन्दै प्रतिक्रिया प्रकट गर्दछ:

१. तिनी परमप्रभुको उपस्थितितिर फर्के- हिजकिया मन्दिरमा गए र परमेश्वरको अघि आफैंलाई नम्र तुल्याए ।

२. तिनले आफ्ना समस्या परमेश्वरसँग बाँडे- तिनले आफ्नो हृदय खोले र ईश्वरीय निर्देशनको खोजी गरे । जसरी दाऊदले भजनसंग्रह ११९:२६ मा लेख्छन्, **मैले आफ्नो आचरण तपाईंलाई खुलस्त गरिदिएँ र तपाईंले जवाफ दिनुभयो । मलाई तपाईंका विधिहरू सिकाउनुहोस् ।** अर्को अनुवादले यसलाई यसरी बताउँछ, मैले आफेनो जीवनको बारेमा सबै तपाईंलाई बताएँ । त्यसै गरी, हाम्रा समस्याहरू, असफलताहरू र निरासाका कुराहरू परमेश्वरको अघि ल्याउन हामीलाई उत्साह दिइएको छ । जब हामीले यस्तो गर्छौं, उहाँले हामीलाई अघि बढ्ने मार्ग सिकाउनुहुनेछ ।

## दौड निरन्तर दौडिरहनुहोस् !

प्रिय परमेश्वरका सेवक तथा सेविकाहरू, तपाईंको सेवकाइमा विश्वासयोग्यप भएर बस्ने के तपाईं कमजोर हुनुभएको छ ? के तपाईं धैर्य गर्न संघर्ष गरिरहनुभएको छ ? हरेस नखानुहोस् । अहिलेको समय हरेस खाएर छोड्ने होइन । खडा हुनुहोस् र उहाँले तपाईंलाई रोक नभन्नुभएसम्म निरन्तर दौडिरहनुहोस् ।

हामीले जस्तोसुकै चुनौतीहरूको सामना गरे पनि हामी धैर्यताका साथ दौडौं ।

## कसरी नदौडिने ?

व्यर्थमा नदौडिनुहोस्: पावलले गलाती २:२ मा लेख्छन्, ... **मैले जो दौड दौडें वा दौडिरहेको छु, त्यो व्यर्थ नहोस् ।**

परमेश्वरले हाम्रो अघि राखिदिनुभएको दौड हामीले सावधानीपूर्वक दौडनुपर्छ र हाम्रा प्रयासहरूलाई खेर जान दिनुहुँदैन । विश्वस्तरीय एथलिट साइनी अब्राहामको पाठलाई विचार गारैं । तिनले आफ्नो दौड पहिले पूरा गरे पनि सानो, निर्दोष देखिने गल्तीको कारण तिनले मेडल गुमाइन् ।

कहिलेकाहीँ, हामीले मेहेनत गरिरहेका, समर्पित भएका र विश्वासयोग्य भएका हुन सक्छौं, तापनि इनाम जित्न असफल हुन्छौं । किन ?

....Contd. to page 9

नहेम्याह सांझको बाइबल कलेज
योग्यता: दश कक्षा र सोभन्दा माथि
ECHO OF HIS CALL 1968-2018 GOLDEN JUBILEE REACHING NATIONS
चेपाउक र सन्थोसापुरम, Velachery चेन्नाइ
भर्नाको लागि छिटो गर्नुहोस् ।
माध्यमः तामिल (Part Time)
ईश्वरशास्त्रमा डिप्लोमा
Hindi (Residential) (Sponsorship Available)
विगत ५५ वर्षदेखि अन्तरराष्ट्रिय खीष्टियान अगुवाहरु र सिनियर पास्टरहरुबाट पहिचान भएको
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. **ECHO OF HIS CALL** - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. **BIBLECOR -** Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes – Seminars & Retreats
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
13. **Early Morning Service : 5.30 a.m. Sunday**
14. **Preliminary Service : 8.00 a.m. Sunday**
15. **Tamil Service : 8.30 a.m. Sunday**
16. **Youth Meeting : 11.00 a.m. Sunday**
17. **Fellowship Lunch : 1.00 p.m. Sunday**
18. **Hindi Service : 4.00 p.m. Sunday**
19. **Telugu Service : 5.00 p.m. Sunday**
20. **English & Hindi Service : 6.00 p.m. Sunday**
21. Feedback Time : 7.30 p.m. Sunday
22. Women's Prayer : 5.30 p.m. Wednesday
23. Men's Prayer : 7.00 p.m. Friday
24. Discipleship Meeting : 6.00 p.m. Saturday
25. House Meetings : 6.30 p.m. Tuesday & Thursday
26. Special Holy Communion : 6.00 a.m. 1st day of each month
27. Ministers' Meeting : 6.00 p.m. First Saturday
28. Parents' Prayer : 4.00 p.m. First Sunday
29. Night Prayer : 9.30 p.m. Third Friday
30. Fasting Prayer : 9:30 a.m. Second Saturday
31. Holy Communion : Second Sunday Services
32. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
33. Staff Devotion : 9.00 a.m. daily
34. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ खीष्टियानहरू र गैह्रखीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य शुल्कहरू यसमा लाग्नेछैन**। यो कोर्स भारतमा हुनुभएको व्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र खीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भनिने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले सेवकाइमा प्रमाणपत्र पाउनुहुनेछ।

**बिस्तृत जानकारीको लागि:**

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले नि:शुल्क **बोलावटको प्रतिध्वनि** मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट **Echo of his Call Educational Trust** लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू **Echo of his Call Educational Trust** को नाउँमा लेख्न हुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| **Account Name** | : | **ECHO OF HIS CALL EDUCATIONAL TRUST** |
| **Account Number** | : | **1023 2923 805** |
| **Bank Name** | : | **STATE BANK OF INDIA** |
| **Branch** | : | **TRIPLICANE, CHENNAI - 600 005** |
| **IFSC Code** | : | **SBIN 0000249** |
| **SWIFT Code** | : | **SBI NIN BB 455** |



# खाडलबाट दरबार

## (पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

## "जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

**तेरो विरुद्धमा बनाइएको जुनसुकै हतियारले पनि तँलाई जित्न सक्नेछैन तर तँलाई दोषी ठहराउने हरेक जिब्रोलाई तैंले नै दोषी ठहराउनेछन्... (यशैया ५४:१७)।**

धेरै समयमा, जब हामीले परमेश्वरको राज्य विस्तार गर्नको निम्ति नयाँ सेवकाइ सुरु गर्‍यौं, हामीले विभिन्न प्रकारका विरोध र कठिनाइहरूको सामना गर्‍यौं। कहिलेकाहीँ, समस्याहरू प्रत्यक्ष रूपमा शैतानबाट आउँथ्यो र कहिलेकाहीँ समस्याहरू मानिसहरूबाट आउँथ्यो। केही अवसरहरूमा मैले एउटा व्यक्तिको रूपमा कठिनाइहरू र विरोधहरूको सामना गर्थें।

जब हामीले मुख्य मिसनको भवनलाई निर्माण गरिरहेका थियौं, सो स्थानमा बसोबास गर्ने मानिसहरू अत्यन्तै बेखुसी भएका थिए। जब निर्माण कार्य भइरहेको थियो, तिनीहरूले मलाई अत्याधिक समस्याहरू दिने कोसिस गरेका थिए। त्यहाँ संलग्न भएका कामदारहरू अत्यन्तै तनावमा पारिएका थिए र केही मानिसहरूले दिएका तनावको कारण धेरै कामदारहरूले काम छोडेका थिए र कामलाई अगाडि बढाउन मैले अत्यन्तै कठिन भएको पाएको थिएँ। ठूलो विरोधलाई देखेर ख्रीष्टियान भवन निर्माण गर्ने ठेकेदारले पनि आफ्ना कर्मचारीहरूलाई फिर्ता बोलाए र उक्त स्थानबाट भागे।

प्रभुको कामको विरुद्धमा काम गर्ने केही मानिसहरू मकहाँ अत्यन्तै भद्रताको साथमा आए र त्यो विशेष स्थानमा प्रभुको काम रोक्न मलाई भने र अर्को ख्रीष्टियान स्थानमा सर्न सल्लाह दिए र त्यसको निम्ति तिनीहरूले मलाई केही रकम दिने प्रस्ताव गरे। म आफ्नो बोलावटमा अत्यन्तै हठी थिएँ र मैले तिनीहरूलाई नम्रताको साथमा तिनीहरूको आवाज मैले सुन्न सकिनँ भनी बताए र त्यो जीवित परमेश्वरको काम थियो र कुनै पनि तरिकामा यस कार्यको विरुद्धमा खडा नहुन तिनीहरूलाई आग्रह गरें।

तर तिनीहरूले मलाई मानसिक र शारीरिक तनाव निरन्तर दिए। परीक्षाको यो समयमा र ख्रीष्टियानहरूले मसँग हातेमालो गरिदिन पैरवी गरिदिन म सहरमा भएका धेरै ख्रीष्टियानहरूकहाँ गएँ। दुर्भाग्यवश, मेरो उद्धारको लागि कोही पनि आएनन्। तर परमप्रभु मसँग भइदिन भन्दै प्रार्थनामा मैले धेरै समय बिताए। विश्वासद्वारा अझै अगाडि बढिरहनमा मैले शान्ति प्राप्त गरें।

उदाहरणको निम्ति एक दिन, भूईं कंक्रिट गर्ने काम सुरु भएको थियो र रेडीमिक्स कंक्रिट ट्रकहरू आएका थिए र काम सुरु भएको थियो। केही छिमेकीहरू मेरो विरुद्धमा खडा भए र कामको विरुद्धमा चिच्याउन सुरु गरे। के गर्ने भनेर मलाई थाहा थिएन र मैले कंक्रिट कम्पनीका ती मिक्स कंक्रिटका ट्रकहरूलाई फिर्ता पठाउनुपरेको थियो तर त्यसको रकम तिरेर मात्रै। तर केही दिनपछि उक्त काम पूरा गर्न परमेश्वरले मलाई सहायता गर्नुभयो।

अन्त्यमा, सम्पूर्ण काम पूरा भएपछि भवनको समर्पणको सेवामा सहभागी हुन आग्रह गर्दै मेरा मित्रहरू र शुभचिन्तकहरूलाई मैले निमन्त्रणा पत्र पठाउन सुरु गरें। त्यो समयसम्म म र परमप्रभुको कामको विरुद्धमा खडा हुने सबै मानिसहरू गायब भइसकेका थिए। तिनीहरूमध्ये केही परिवारका समस्याहरूका कारणले गर्दा स्थान छोडेर गए, तीमध्ये केहीले आफ्नो सम्पत्ति बेचे र त्यहाँबाट गए र परमप्रभुको कामको विरुद्धमा खडा भएका मानिसहरूका जीवनमा अत्यन्तै नराम्रा घटनाहरू भए। तर जब मैले हाम्रो समर्पण सेवामा सरिक हुन निम्तो दिन ती परिवारहरूलाई खोजे, मैले तिनीहरूका स्थान वा परिवारहरूलाई पत्ता लगाउन असक्षम भएको कुराचाहिँ सबैभन्दा दु:खको कुरा थियो। आज पनि केही भवनहरू बन्द राखिएका छन् र लामो समयदेखि कोही पनि त्यहाँ बसेका छैनन्। केही भवनहरू भत्काइएको थियो र कोही पनि त्यहाँ छैन।

अब प्रभुको कामको विरुद्धमा खडा हुने कोही पनि छैन। हाम्रो प्राङ्गण स्थानीय स्थानमा व्यस्त रहने स्थान हो। मानिसहरूले स्वतन्त्रपूर्वक प्रभुको आराधना गर्छन्। परमेश्वरको राज्य बिस्तारको निम्ति दिन र रातमा धेरै क्रियाकलापहरू भइरहेका हुन्छन्। बाइबलले भन्दछ:

**तिमीहरूका विरुद्धमा आउने शत्रुहरूलाई परमप्रभुले तिमीहरूकै सामु परास्त गर्नुहुनेछ। उनीहरू तिमीहरूमाथि एक बाटो आउनेछन् तर तिमीबाट सात बाटा भाग्नेछन्** (व्यवस्था २८:७)। **तेरा शत्रुहरूलाई तैंले खोजे पनि उनीहरूलाई भेट्टाउनेछैनस्। तेरो विरोधमा युद्ध गर्नेहरू पनि बिलकुल निरर्थक हुनेछन् र नष्ट हुनेछन्** (यशैया ४१:१२)।

प्रिय मित्रहरू, तपाईंले असल काम गर्ने प्रयास गर्दा पनि तपाईंको जीवनमा के तपाईं ठूलो विपत्ति र समस्याले ग्रस्त हुनुभएको छ? धैर्य गर्नुहोस् र परमेश्वरको मुहारतिर हेर्नुहोस्। तपाईंको जीवनमा तपाईंले सबै थोक गुमाउनुभए पनि भविष्य अझै पनि बाँकी रहेको छ।

************

....Contd. from page 6


किनभने परमेश्वरले हामीबाट साँचो रूपमा के चाहनुहुन्छ भनेर नजरअन्दाज गर्न सक्छौं । उहाँले हाम्रो निम्ति दौडन बनाउनुभएको विशेष दौडको बारेमा बुझ्न हामी असफल भएका हुन सक्छौं ।

उहाँको इच्छाको खोजी गर्न, उहाँको उद्देश्य पत्ता लगाउन र उहाँले हाम्रो जीवनको निम्ति अद्वितीय रूपमा तयार गर्नुभएको सन्देश डाउनलोड गर्न केही समय लेऔं । त्यसपछि मात्रै हामीले उद्देश्यको साथमा दौडन र विजयी रूपमा दौड पूरा गर्न सक्छौं ।

२ शमूएल १८ मा हामीले रोचक क्षणको सामना गर्छौं । योआबले राजा दाऊदको छोरो अब्शालोमको विरुद्धमा राजाको लडाइँ लडिरहेका थिए । द्वन्द्वका बाबजूद पनि दाऊदले अब्शालोममाथि कुनै पनि हानि आउनुहुन्न भनेर स्पष्ट आज्ञा दिएका थिए । तापनि, लडाइँको समयमा, योआबले विजय हासिल गरे तर अब्शालोम मारिएका थिए । यो दुःखद समाचार दाऊदलाई पुऱ्याउन जरुरी थियो- सबैभन्दा संवेदनशील काम पूरा गर्ने ।

दाऊदकहाँ सन्देश पठाउन दुई जना दौडने व्यक्तिहरू अघि आए । तापनि योआबले अहिमाजदे अर्को दौडन सक्छ भनेर त्यो दिन सन्देश नलैजान तिनलाई निर्देशन दिए । त्यसको साटो याआबले कूशी सन्देशवाहकलाई छाने र तिनले जे देखेका थिए, त्यही कुराको प्रतिवेदन दिन तिनलाई निर्देशित गरे । कूशीले दौडन सुरु गरे तर अहिमाज पनि त्यसमा जोडिन चाहे, अन्त्यमा तिनलाई पनि दौडिन अनुमति दिन योआबलाई निश्चिन्त पारे । छिटो दौडने अहिमाजले कूशीलाई जिते र सबैभन्दा पहिलो राजा दाऊदकहाँ पुगे ।

अति व्यग्रताको साथमा पर्खिरहेका दाऊदले तुरुन्तै अहिमाजलाई लडाइँको नतिजाको बारेमा सोधे । तापनि, आफ्नो गति र प्रयासका बाबजूद पनि अहिमाजलाई पूर्ण विवरण थाहा थिएन भनेर स्वीकार गरेः ... **मैले ठूलो अन्योलता देखें... तर के भएको थियो भनेर मलाई थाहा छैन** (२ शमूएल १८:२९) । तिनी समर्पणता र धैर्यताको साथमा तेज दौडिए पनि दिनको लागि ऊसँग अर्थपूर्ण सन्देश थिएन ।



***The Cushite tactfully informed David of Absalom's death.***

त्यसको तुलनामा बिस्तारै दौडने कूशीले सन्देशवाहकको रूपमा आफ्नो जिम्मेवारी पूरा गरे । जब तिनी आइपुगे, तिनले सन्देश प्रष्ट र संवेदनशीलतरिकाले दिए । दाऊदको प्रश्नको प्रतिक्रियामा कूशीले भने, **...राजाका सबै शत्रुहरू र सबै बागीहरू, जसले हजूरको हानि गर्न खोज्छन्, उनीहरूको दशा पनि त्यही जवान मानिसको जस्तै होस्** (२ शमूएल १८:३२) । त्यस कुरालाई प्रत्यक्ष नभनी कूशीले अब्शालोमको मृत्युको बारेमा दाऊदलाई चलाखीपूर्ण तरिकामा जानकारी गराए ।

अहिमाज र कूशी बीचको तुलना रोचक छ । अहिलमाज राम्रो धावक थिए तर नराम्रो सन्देशवाहक थिए किनभने तिनले सबैभन्दा महत्वपूर्ण कुरा गुमाएका थिए- सन्देश । सन्देशवाहकको पहिलो जिम्मेवारी सही सन्देश दिनु हो, जतिसुकै शक्तिशाली रूपमा प्रस्तुत गरिए पनि ।

जब हामी यो खण्डमा मनन गर्छौं, हामीले यो सन्देशलाई विचार गरौंः अहिमाजजस्तो नदौडौं ।

मेरा प्रिय दाजुभाइहरू तथा बहिनीहरू, जब हामीले यो वर्ष सुरु गर्छौं, हामी केवल गति र प्रयासको साथमा मात्रै नदौडौं तर उद्देश्य र स्पष्टताको साथमा दौडौं । जित्नको लागि दौडौं ।

************


## तुरुन्तै आवश्यकता

बोलावटको प्रतिध्वनि तीव्र गतिमा बिस्तार भइरहेको छ । हामीलाई मिसनमा केन्द्रित, समर्पित र विश्वासयोग्य पुरुष र महिला आवेदकहरू निम्न पदहरूका निम्ति आवश्यक रहेको छः

- हाम्रो मुख्य मण्डलीको निम्ति पूर्णकालीन सहपास्टरहरू
- चेन्नाइमा हाम्रा शाखा मण्डलीहरूका निम्ति पूर्णकालीन सहपास्टरहरू
- पूर्णकालीन सुरक्षाकर्मीहरू
- डिटिपी अपरेटरहरू र टाइपिस्टहरू
- अंग्रेजी र अन्य भाषाहरूमा राम्ररी बोल्ने र लेख्ने
- प्रशासनमा रुचि राख्ने कार्यालय व्यवस्थापकहरू
- पूर्णकालीन बाइबल कलेजका प्राध्यापकहरू
- पूर्णकालीन चालकहरू
- मेट्रिकुलेसन स्कुलको निम्ति प्रधानाध्यापक र शिक्षकहरू
- पूर्णकालीन पकाउनेहरू (महिला)
- पूर्णकालीन हाउसकिपिङ कर्मचारीहरू

**तलब अनुभव र योग्यताको आधारमा हुनेछ**

Please Contact **ECHO OF HIS CALL** office

**यहां आवदेन दिनुहोस्:**

**ह्वाट्सएप नम्बर : 98412 71858**

**इमेल: : sam@echoofhiscall.org**

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
*Please subscribe*

Kindly view and subscribe our **Echo of His Call YouTube Channel** when you get time. Thanks. **- Editor**

## OUR BANK DETAILS:

### *1. Bank : State Bank of India*

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **S. Sam Selva Raj** |
| A/C No. | : | **1023 2934 679** |
| IFSC | : | **SBIN 00 00 249** |
| SWIFT CODE | : | **SBI NIN BB 455** |

### *2. Bank : ICICI Bank*

| | | |
|---|---|---|
| Branch | : | **Anna Salai, Chennai-6** |
| Name | : | **Echo of His Call** |
| A/C No. | : | **6038 0502 2319** |
| IFSC | : | **ICIC 000 6038** |

### *3. Bank : State Bank of India*

**(This Account is for Tax Exemption for Indians only )**

| | | |
|---|---|---|
| Branch | : | **Triplicane, Chennai-5** |
| Name | : | **Echo of His Call Educational Trust** |
| A/C No. | : | **1023 2923 805** |
| IFSC | : | **SBIN 00 00 249** |

**Google Pay: 98410 71858**
**PayPal : SAM SELVA RAJ**
*****
**E.mail : sam@echoofhiscall.org**

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/-　　Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS / 1 Patrika Channel"
on 17th FEBRUARY 2025.

If un-delivered please return to:
**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

***JESUS LOVES YOU!***

To

*GOD BLESS YOU!*

Owned and published by **S. Sam Selva Raj** from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by **S. Sam Selva Raj** at **Echo of His Call Printers,** New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: **S. Sam Selva Raj.**